Pragysn, Volume : 6, Issue1, 2078, ISSN : 2661-6068

# *झलझली आँखामा* कृतिमा जीवनीपरकता

*टंकप्रसाद पन्थ**

**Email: tankapantha12gmail.com**

**लेखसार**

*डिल्लीराज अर्यालले नेपाली लेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । उनको संस्मरणात्मक कृति झलझली आँखामा लेखकीय जीवन प्रतिबिम्बित भएर आएको पाइन्छ । साहित्य समालोचनामा व्यक्ति साहित्यकारका कृतिभित्र लेखकीय जीवनको सर्वेक्षण गर्नु जीवनीपरक मान्यता हो । कृतिमा लेखकीय जीवनको छाया पहिल्याउने काम यसमा हुन्छ । प्रस्तुत समालोचनात्मक लेखमा अर्यालको संस्मरणात्मक कृति 'झलझली आँखामा'लाई विश्लेषणको आधार बनइएको छ । जीवनीपरक समालोचकीय आधारमा उक्त कृतिमा निहित जीवनीपरकताका विविध आयामहरूलाई प्रकाश पार्ने काम यहाँ गरिएको छ । यस लेखमा जीवनीपरक समालोकीय मान्यताका पृष्ठभूमिमा डिल्लीराज अर्यालको 'झलझली आँखामा' कृतिको अध्ययन विश्लेषण गरिएको छ । यस अध्ययनका क्रममा निगमनात्मक शोधविधिको उपयोग गरिएको छ । जीवनीपरक समालोचकीय मान्यतालाई सैद्धान्तिक आधार बनाई आवश्यकताअनुसार प्राथमिक र द्वितीयक स्रोतबाट सामग्रीको सङ्कलन गरी व्याख्यात्मक ढङ्गले अध्ययन विश्लेषण गर्दै त्यसको व्यपवस्थापन गरिएको छ । समालोचनाको एउटा मान्यताका रूपमा स्थापित जीवनीपरकताका पृष्ठभूमिमा केन्द्रित रही कृतिको विश्लेषण गर्नु प्रस्तुत लेखको उद्देश्य रहेकोले यो गुणात्मक प्रकृतिको अनुसन्धान हो । कृतिभित्र प्रस्तुत भएका विविध सन्दर्भहरू लेखकीय पृष्ठभूमिमा के कसरी साक्ष्य हुन आएका छन् भन्ने कुरालाई लेखककै बाल्यकाल, नातागोता र परिवेश, स्थानीय भूगोल, प्रकृति, संस्कृति, आस्था, मनोवृत्ति आदिका साथै लेखकीय दृष्टिकोणमा आएको परिवर्तन, कृतज्ञता, पुस्तान्तरणले ल्याएको प्रभाव, विकृतिविसङ्गतिका झलकहरूलाई आधार बनाई विश्लेषण गरी लेखककै जन्मस्थान मदनपोखरा र त्यहीँबाट फैलिएको लेखकीय जीवनयात्रा आदिका आधारमा विवेचना गरी जीवनीपरकताका विविध आयाममा उक्त कृतिको अध्ययन गर्न सकिने बलियो आधार रहेको छ भन्नु नै प्रस्तुत लेखको मूल निचोड हो ।*

शब्दकुन्जी : झलझली, समयावधि, जीवनचर्या, निर्मिति-प्रक्रिया, घटनावली ।



* उपप्राध्यापक : त्रि.वि. (त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा)

# BIOGRAPHY IN THE WORK *JHALJHALI AANKHAMA*

***Tanka Prasad Panth***

## Abstract

*Dilliraj Aryal has written in various genres of Nepali literature. His memoirs are reflected in the writer's life. In literary criticism, it is a biographical belief to survey the literary life within the work of an individual writer. The work of casting the shadow of the writer's life in the work is done in it. In the present critical article, Aryal's memoir 'Jhaljhali Aankhama' has become the basis of analysis. On the basis of biographical critique, work has been done here to shed light on the various dimensions of biography contained in the work. This article analyzes the study of Dilliraj Aryal's work 'Jhaljhali Aankhama' against the background of biographical critical beliefs. In the course of this study, deductive research methodology has been used. Biographical critique has been managed on a theoretical basis by collecting material from primary and secondary sources as per the need and analyzing the study in an explanatory manner. As the purpose of this article is to analyze the work focusing on the background of the established biography as a critique of criticism, it is a research of qualitative nature. How the various references presented in the work have come to be evident in the author's background, how the author's childhood, kinship and environment, local geography, nature, culture, faith, attitude, etc. The main point of the present article is that there is a strong basis to study the work in various dimensions of biography by analyzing the glimpses of distortions and anomalies on the basis of the author's birthplace Madanpokhara and the author's life journey spread from there.*

Keywords : flickering, time period, lifestyle, creation process, chronology.

**विषयप्रवेश**

डिल्लीराज अर्याल नेपाली साहित्यका विविध विधामा सशक्त रूपमा कलम चलाउने साहित्यकार प्रतिभा हुन् । उनी कविता, काव्य, निबन्ध, संस्मरण, कथा, प्रबन्ध, टिप्पणी तथा चिन्तनमूलक लेख रचनाका माध्यमबाट नेपाली साहित्यमा स्थापित व्यक्तित्व हुन् । आफ्नो देश, परिवेश, गाउँठाउँका विषय र समस्यालाई आधार बनाई सूक्ष्म रूपमा विचारलाई केलाउनुका साथै तार्किक रूपमा विषयको गहिराइसम्म पुग्नसक्नु अर्यालको खास विशेषता हो । सामान्य मानिएका कुरालाई पनि पृष्ठभूमिमा राखी त्यसबाट मानवीय सुझबुझ र प्रवृत्तिलाई उजागर गराई आफ्नो जिम्मेवारी बोध गराउने कुरामा यिनको लेखन केन्द्रित रहेको पाइन्छ । शास्त्रीय छन्दमा कविता काव्यको सिर्जना गर्ने अर्याल हाम्रा मौलिकता, संस्कारजन्य व्यवहार तथा तिनको औचित्यलाई खोजपूर्ण रूपमा विश्लेषण गर्नुपर्ने धारणा राख्दछन् । आफ्ना सिर्जनाका माध्यमबाट समाजमा जरा गाडेर रहेका विकृतिप्रति शालीन रूपमा प्रहार गर्ने अर्यालको लेखनमा सुधारको सन्देश प्रवाहित भएको पाइन्छ । डिल्लीराज

अर्याल लामो समयदेखि नेपाली साहित्यमा क्रियाशील प्रतिभा हुन् । यिनले साहित्यका विविध विधामा कलम चलाएका छन् । *नेपालमै जान्छु म* (२०३४) र *त्रासदी* (२०६८) यिनका दुईवटा कवितासङ्ग्रह प्रकाशित छन् । कविताको मझौला आयाम खण्डकाव्ययीय साधनामा पनि यिनको साधना क्रियाशील रहेको पाइन्छ । *सरिता* (२०४६), *ठुले राई, भन्नै पर्‍यो सुन्नै पर्‍यो* (२०६०), *धर्मयुद्ध* (२०६४), *डहर* (२०७४) खण्डकाव्यात्मक कृतिहरू प्रकाशित छन् । निबन्ध तथा संस्मरणका क्षेत्रमा पनि अर्यालको लेखन निरन्तर रूपमा चलेको देखिन्छ । *रातमा सूर्य दिनमा तारा* व्यङ्ग्य निबन्धसङ्ग्रह (२०५७), *घोल्कीमा बस्ने रहर* (२०६१) तथा *झलझली आँखामा* (२०६८) आत्मसंस्मरणात्मक कृति प्रकाशित भएको देखिन्छ । कथा लेखनमा पनि अर्यालको कलम चलेको पाइन्छ । यसैगरी *रहस्य* कथासङ्ग्रह २०४७ सालमा प्रकाशित भएको छ । यसरी हेर्दा फुटकर कविता, खण्डकाव्य र निबन्ध-संस्मरण लेखनका क्षेत्रमा यिनको साधना सशक्त बनेको पाइन्छ ।

सामान्य विषय र सन्दर्भलाई पनि अभिव्यक्तिको विषय बनाउने डिल्लीराज अर्यालको लेखनमा अनुभूतिको सूक्ष्मता पाउन सकिन्छ । एकदर्जनभन्दा बढी कृति नेपाली साहित्यलाई प्रदान गरेका अर्याल नेपाली साहित्यको श्रीवृद्धिमा निरन्तर लागिरहेका छन् । यिनी एक कुशल निबन्धकार व्यक्तित्वका रूपमा पनि चिनिन्छन् । आत्मपरकताभित्र सूक्ष्म अनुभूतिलाई समेट्ने अर्यालका निबन्धमा आफ्नै जीवनको छाँया पाउन सकिन्छ । समाजमा जेलिएर रहेका संस्कार तथा सोही पृष्ठभूमिमा विकास भएको मनोवृत्तिलाई यिनले राम्ररी केलाउने काम गरेका छन् । समाजमा जरा गाडेर रहेका विकृति र विसङ्गतिप्रति कटाक्षपूर्ण शैलीमा प्रहार गरी सुधारको चेतना सम्प्रेषण गर्नु पनि यिनको लेखकीय धर्म रहेको देखिन्छ । *झलझली आँखामा* कृतिभित्र यिनको आफ्नै अतीत जीवनको झलक प्रस्तुत भएको देख्न सकिन्छ । यसैले प्रस्तुत लेखमा उक्त कृतिमा निहित जीवनीपरकताका विविध आयामहरूलाई प्रकाश पार्ने काम गरिएको छ ।

## समस्या तथा उद्देश्य

साहित्यकार डिल्लीराज अर्यालको *झलझली आँखामा* संस्मरणात्मक कृतिमा जीवनीपरकताका विविध आयामको झलक कसरी प्रस्तुत भएको छ ? भन्ने प्राज्ञिक जिज्ञासा नै प्रस्तुत लेखको मुख्य समस्या रहेको छ । यही शोधप्रश्नमा केन्द्रित रही उक्त कृतिको विश्लेषण गरिएको छ । प्रस्तुत अनुसन्धानात्मक लेखमा माथि उल्लेखित समस्यामा केन्द्रित रही सैद्धान्तिक पर्याधारका रूपमा जीवनीपरकताको सैद्धान्तिक आधार उल्लेख गरिएको छ । *झलझली आँखामा* कृतिभित्र केन्द्रित रही जीवनीपरकताका विविध सन्दर्भलाई विश्लेषण गर्नु नै यस अध्ययनको उद्देश्य रहेको छ ।

## अध्ययनविधि

साहित्यकार डिल्लीराज अर्यालको *झलझली आँखामा* (२०६८) संस्मरणसङ्ग्रहलाई मात्र अध्ययनका लागि लिइएको छ । यहाँ उक्त संस्मरणसङ्ग्रहलाई प्राथमिक स्रोतअन्तर्गतको सामग्रीका रूपमा सङ्कलन गरिएको छ भने उक्त कृतिका सम्बन्धमा लेखिएका लेख, समालोचना आदिलाई द्वितीयक स्रोतअन्तर्गतको सामग्रीका रूपमा सङ्कलन गरिएको छ । जीवनीपरक समालोचनाको सैद्धान्तिक अध्ययनका लागि यसैसम्बन्धी सैद्धान्तिक सामग्रीको प्रयोग गरिएको छ । प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलित सामग्रीलाई जीवनीपरकताका आधारमा अध्ययन विश्लेषणका साथ विभिन्न शीर्षक र उपशीर्षकमा व्यवस्थापन गरी लेखलाई अन्तिम रूप दिइएको छ ।

## जीवनीपरक मान्यताको परिचय

साहित्यिक कृतिलाई कुनै व्यक्ति साहित्यकारका जीवनीका सेरोफेरोबाट गरिने अध्ययनलाई जीवनीपरकताको कित्तामा राखिएको पाइन्छ । जीवनीमा आधारित भई कृतिमाथि समालोचना गर्नु जीवनीपरक

समालोचकीय चिन्तन हो । मानिसको जीवनलाई मूल आधार बनाएर लखिने प्रबन्धमूलक गद्यकृतिलाई जीवनी भनिन्छ । कतिपय व्यक्तिले आफ्ना जीवनका इतिवृत्त घटनावलीलाई संस्मरणात्मक शैलीमा आत्मकथाका रूपमा लेख्दछन् भने कतिपय प्रतिष्ठित व्यक्तिका जीवन चरित्रलाई अन्य अध्यताले लेख्ने गर्दछन् (पराजुली, २०५३, पृ. ५४) । जीवनीपरक मान्यतालाई जन्माउने श्रेय सेन्टव्युभलाई जान्छ । स्रष्टाको जीवनचर्यालाई समालोचनाका सन्दर्भमा अपेक्षित ठान्ने सेन्टव्युभका समालोचना चिन्तनले जीवनीपरक समालोचनाको प्रतिपादन गरेको छ । यस किसिमका समालोचनाले स्रष्टाको सामाजिक, मनोवैज्ञानिक र बौद्धिक धरातलको पक्षलाई अगाडि ल्याउँछ । यी सबै पक्षले स्रष्टाको व्यक्तित्व निर्माण गर्न भूमिका खेलेका हुन्छन् (सुवेदी, २०६८, पृ. ५२-५३) । यसमा कृतिभित्र कृतिकारकै जीवनको प्रतिबिम्बि खोज्ने काम गरिन्छ । व्यक्ति साहित्यकारको पृष्ठभूमिका आधारमा कृतिको मूल्याङ्कन गर्ने कुरालाई यहाँ जोड दिइन्छ । लेखक बाँचेको देश, काल र परिस्थितिको प्रभाव उसका कृतिमा पर्छ । त्यसैले कुनै पनि लेखकले यिनबाट पन्छिएर कृतिको रचना गर्दैन । उसका चिन्तन, विचार, अनुभूति, मान्यता, जीवनसङ्घर्षहरू कुनै न कुनै रूपले कृतिमा प्रतिबिम्बित भएका हुन्छन् (शर्मा र लुइटेल, २०६७, पृ. १२४) । कृतिका माध्यमबाट लेखकीय जीवनका झलकहरूलाई नियाल्ने हुनाले यसमा लेखकको प्रभाव सघन रूपमा पोखिएको हुन्छ । कृतिको अध्ययनसँगै लेखक बाँचेको युग, लेखकको सामाजिक, पारिवारिक अवस्था, लेखकीय विचारधारा र मान्यता, रुचि-अरुचि आदि कुराको साक्षात्कार गर्ने काम यहाँ हुन्छ । लेखकको जीवनी तथा वातावरणका प्रमुख सन्दर्भहरू निर्धारण नगरी कृतिमा कुन-कुन कुरा समावेश भए भन्न सकिन्न । त्यस्ता सन्दर्भहरूको आधिकारिकताप्रति मञ्जुरी पनि हुनु आवश्यक छ । लेखकको समयावधि तथा सामाजिक बौद्धिक पृष्ठभूमिका आधारमा कृतिको मूल्याङ्कन हुनु आवश्यक छ (अधिकारी, २०६१, पृ. १३) । जीवनीपरक अध्ययनका माध्यमबाट लेखकीय जीवनको वास्तविकतालाई अवलोकन गर्ने काम गरिन्छ । समयको चेतनाका साथै युगीन मूल्य र मान्यताका बाछिटाहरू पनि कृतिभित्र प्रस्तुत भएको पाइन्छ । जीवनीपरक साहित्यिक अध्ययन प्रणालीले साहित्यकारको सामाजिक, मानसिक र बौद्धिक धरातलको निर्मिति-प्रक्रिया र तिनको स्वरूपमा जोड दिँदै मनोवैज्ञानिक प्रयोगको एक विशेष प्रणाली प्रस्तुत गरेको अनुभव हुन्छ (त्रिपाठी, २०५०, पृ. २२८) । यसले लेखकलाई केन्द्रमा राखेर कृतिको विश्लेषण गर्ने काम गर्दछ । यसले साहित्यकारको जीवनका विभिन्न पाटाहरूको अध्ययन गर्ने क्रममा कृतित्वको पनि अध्ययन गर्दछ र कृतित्वको अध्ययन र विश्लेषण गर्दा कृतिकारको जीवसँग सम्बद्ध तथ्यहरूलाई आधार बनाउँछ (पौड्याल, २०७०, पृ. ६२) । यसमा लेखकीय जीवनसँग जोडिएका व्यक्ति, परिवेश, सामाजिक, सांस्कृतिक अवस्था आदि कुराहरू जोडिएर आएको पाइन्छ । यस समालोचनात्मक कार्यलाई कृतिका माध्यमबाट लेखकीय जीवनको सर्वेक्षण पनि मान्न सकिन्छ । यसमा नीति, आचार, विचार, संस्कार, घटनावली, इतिहास आदि जस्ता कुराहरूले प्रश्रय पाएको देख्न सकिन्छ ।

निबन्ध साहित्यको भेदअन्तर्गत पर्ने संस्मरणलाई लेखकका जीवनको दस्तावेजका रूपमा लिइन्छ । लेखकको स्वप्रकाशित भएर आउने क्रममा घटना, पात्र र परिवेशको झलक पनि यहाँ पाइन्छ । लेखकका आफ्ना अनुभव, विचार, इच्छा, चाख र प्रवृत्तिलाई आत्मजीवनीका टुक्रासित मिसाएर र आफूलाई केन्द्रबिन्दु बनाएर लेखिएका गद्यरचनालाई निबन्ध भनिन्छ । जुन निजात्मक हुँदैन त्यसलाई निबन्ध भनिँदैन (शर्मा, २०६३, पृ. ८०) । लेखकीय पृष्ठभूमिलाई झल्काउने हुनाले यसमा सघन निजात्मक प्रवृत्ति पाइन्छ । यसमा जीवनी साहित्यको प्रभाव पनि पाइन्छ । यसरी हेर्दा संस्मरणमा जीवनीपरकताको प्रभाव पनि गहिरो रहेको पाइन्छ । साहित्य समाजको प्रतिबिम्ब भएकाले समाजका झलकहरू लेखकीय परिवृत्तमा घुमेर आएका हुन्छन् । निबन्ध स्वतन्त्र अभिव्यक्तिबाट जन्मिने रचनाविशेष हो । यस रचनामा लेखकले समाजका विभिन्न पक्षमा देखिने विकृतिहरूको आलोचना, तिनको अवस्थामा आउन सक्ने सुधारको सन्देश, निर्माणात्मक र प्रतिस्थापनात्मक मूल्य र मान्यताको सथापना निबन्धमा निबन्धकारले दिन खोजेको हुन्छ (सुवेदी, २०४३, पृ. ३४) । लेखक आफूले साक्षात्कार गरेका घटना, व्यक्ति तथा तिनका प्रवृत्तिलाई उजागर गराई आलोचनात्मक दृष्टिकोण राखेको पाइन्छ ।

## शीर्षक र कथ्य

अर्यालको यो कृति संस्मरण विधामा केन्द्रित रहेको छ । लेखकीय जीवनमा घटेका पूर्वस्मृति र यादहरू आँखा अगाडि नाचिरहेका हुन्छन् । मनका कुनाबाट निस्केर दृष्टिबिम्बमा अङ्कित हुने कुरालाई ‘झलझली

आँखामा' शीर्षकद्वारा रमेटिएको पाइन्छ । लेखकको आफ्नै जीवनका घटना तथा अनुभूतिहरू दृश्यबिम्बमा घुमिरहेको र तिनै भाव वा अनुभूतिहरूलाई निबन्धात्मक शैलीमा ढालिएकाले कृतिको शीर्षक 'झलझली आँखामा' भनी नामकरण गरिएको देखिन्छ । विगत जीवनका परिघटनाहरू आँखाका अगाडि घुमिरहेको र तिनलाई टिपेर यहाँ प्रसतुत गरिएकाले शीर्षक र त्यसले समेटेको कथ्य सान्दर्भिक बन्न गएको देखिन्छ । यस आधारमा हेर्दा प्रस्तुत शीर्षक उपयुक्त र सार्थक रहेको पाइन्छ । यहाँ फरकफरक शीर्षकका छब्बीसवटा लेख-निबन्धहरू समेटिएका छन् । मूलतः लेखकको बाल्यकाल, किशोरावस्था र केही युवावस्थाका समेत घटना र अनुभूतिहरूलाई सम्झनाको क्यानभासबाट झिकी यहाँ प्रस्तुत गरिएको छ । जसले शीर्षकीय औचित्यलाई पुष्टि गर्ने देखिन्छ । जीवनको पूर्वार्द्धका समयमा साक्षात्कार गरिएका घटना, व्यक्ति, कालखण्ड, परिवेश, मनोवृत्ति, आस्था आदिजस्ता कुरालाई पुनः सम्झेर प्रस्तुत गर्ने क्रममा त्यस्ता झलक र झाँकीहरू आँखाका वरिपरि घुमिरहेका हुन्छन्, तिनै घुमिरहेका कुराहरूलाई टिपेर यहाँ राखिएकाले सिङ्गो कृतिको नाम 'झलझली आँखामा' राखिनु सान्दर्भिक र उद्देश्यपूर्ण रहेको देख्न सकिन्छ ।

यस सङ्ग्रहमा समेटिएका छब्बीसवटा शीर्षक र तीभित्र प्रतिबिम्बित विषय र प्रस्तुतिलाई हेर्दा स्रष्टा डिल्लीराज अर्यालकै जीवनका सेरोफेरोमा केन्द्रित रहेको पाइन्छ । स्थानगत हिसाबले हेर्दा यहाँ मूलतः लेखकको जन्मस्थल मदनपोखराको सेरोफेरो र परिवेशको सघन उपस्थिति पाइन्छ, जहाँ जीवनको स्वर्णिम बाल्यकाल बितेको देखिन्छ । यसका साथै लेखकको मावली गाउँ कसेनी, लेखकले शिक्षा प्राप्त गरेको ठाउँ भारतको उत्तरप्रदेश स्थित देवरिया, बौघागुम्हा, तानसेनलगायतका स्थानहरू यहाँ समेटिएर आएको देखिन्छ । परिवेशगत झलकको कुरा गर्दा ती ठाउँ र घटनाहरूमा सम्बद्ध भई जीवन्त रूपमा चित्रण भएको पाइन्छ । घरको परिवेश, विद्यालय, बाटो, खेतबारी, गौचरन चौर, महाविद्यालयको हाता, छात्रावास, आफू कार्यरत रहेका ठाउँहरू, गाउँबस्ती, डाँडापाखालगायत स्थानहरू समेटिएर आएको पाइन्छ । यसैगरी केही पात्र र तिनका प्रवृत्तिहरूलाई पनि यहाँ जीवन्त रूपमा उपस्थित गराइएको पाइन्छ । बुबै, बुबा, आमा, मावली बुबै, मामाहरू, शिव, भगिरथलगायतका गुरुहरू, साथीहरू, गाई अनि गोरूहरू पनि यहाँ पात्रका रूपमा समेटिएर आएको पाइन्छ । यी पात्रहरूका व्यवहार र प्रतिक्रियाहरू त्यतिखेर आफ्नो प्रतिकूल रहेको अनुभूति भए तापनि जीवन जिउँदै जाने क्रममा वास्तविताको मर्मबोध गरी तिनीहरूप्रति कृतज्ञताको भाव व्यक्त गरिएको पाइन्छ । यी निबन्धहरूको पठनसँगै व्यक्ति डिल्लीराज अर्यालका जीवनका उकाली, ओराली, सङ्घर्ष, प्राप्ति, आशा, निराशा, विचार, चिन्तन, स्वभाव, मान्यता, अहं वा अभिमानका छायाहरूको अवलोकन पाठकले गर्दछ । बाल्यकालीन घटना, परिवेश र अनुभूतिहरूलाई यहाँ जीवन्त रूपमा अवतरण गराइएको छ । यहाँ संस्मणकारको इमान्दारिता र धर्म स्वाभाविक रूपमा प्रकट भएको देखिन्छ । आफ्नो अवस्था, परिवेश र सन्दर्भहरूका साथमा समाज, राष्ट्र, भूगोल, राजनीति, संस्कृति, वातावरण, माटो, जन्मभूमि, स्वाभिमान, आत्मनिर्भरता, परनिर्भरता, परिवर्तन, पुस्तान्तरण, आधुनिकता, जस्ता विविध विषय र पाटाहरू पनि यहाँ प्रतिबिम्बित भएर आएको पाइन्छ । आफ्नो परिवेशबाट विचार र चिन्तनको यात्रा गरी समाज तथा राष्ट्रका साझा स्वार्थ र तीप्रतिको नागरिक उत्तरदायित्वलाई समेत अवतरण गराउन सक्नु लेखकको कुशलता र सफलता मान्न सकिन्छ ।

## झलझली आँखामा जीवनीपरकताका विविध आयाम

नेपाली साहित्यमा पछिल्लो समयमा गद्य विधाका अनेक भेदहरूको विकास भएको पाइन्छ । निबन्धकै भेदका रूपमा रहेको संस्मरणलाई अहिले आएर स्वतन्त्र विधाका रूपमा हेर्ने गरिएको पनि देखिन्छ । डिल्लीराज अर्यालद्वारा लिखित प्रस्तुत कृतिले नेपाली संस्मरण लेखनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । लेखकले आफ्नो भोगाइका धरातलबाट जीवनका विविध रङ र सुगन्धलाई पछ्याउन पुग्नुले पनि यस कृतिको महत्त्व स्पष्ट हुन्छ । आफ्ना अनुभूतिका पृष्ठभूमिबाट तटस्थ रूपमा समाज र राष्ट्रिय जीवनलाई अवतरण गराउन

सक्नु लेखकीय चिन्तन र प्रस्तुतिको सफलता मान्नुपर्दछ । प्रस्तुत लेखमा *झलझली आँखामा* संस्मरण सङ्ग्रहमा समेटिन आएका जीवनीपरकताका विविध पक्ष र प्रवृत्तिलाई प्रकाश पार्ने उद्देश्य राखिएको छ ।

### व्यक्ति जीवनको दस्तावेज

प्रस्तुत कृति साहित्यकार डिल्लीराज अर्यालको निजी जीवनमा आधारित संस्मरणात्मक आलेख हो । यहाँ सतही रूपमा पाठकले डिल्लीराज अर्याल र उनको जीवनका झलक र झाँकीहरूको साक्षात्कार गर्दछ । यसभित्र आद्योपान्त रूपमा लेखक र उनको निजी अनुभूति प्रवाहित भएर आएको पाइन्छ । संस्मरणको प्रमुख नायक व्यक्ति लेखक स्वयं रहेको हुन्छ । समाख्याताका रूपमा रहेका लेखक अर्यालकै दर्पणछायाका रूपमा यो कृति आएकाले यहाँ व्यक्तिका भोगाइ, घटना, परिवेश, जीवनका विविध मोडहरू, बा, आमा, हजुआमा, मावलीहरू, साथीसँगाती, गाउँलेहरू, शिक्षक, अभिभावक, अग्रजहरू, वस्तुभाउ, खेतीपाती, चालचलन, संस्कार आदि कुराको इतिवृत्तात्मक प्रस्तुति भएकाले प्रस्तुत कृति डिल्लीराज अर्यालका जीवनको दस्तावेजका रूपमा आएको पाइन्छ । लेखकको स्व झल्किने सन्दर्भलाई उठान गर्दा "जीवनको पूर्वार्द्धतिर फर्केर हेर्दा मैले आफूलाई सामान्य परिवारभित्रको उत्सुक, गृहकार्यमा रुचि भएको, लज्जालु, संकोचशील तथा शारीरिक बनोट र रूपमा सामान्य श्रेणीको पाउँछु । आफ्नै घर, स्कूल, टोल छिमेक, खेतबारी र मावलबाहेक अन्यत्र जाने प्रवृत्ति थिएन" ( अर्याल, २०६८, पृ. २०) । घर परिवारमा आफूले भोगेका पीडा तथा भेदभावको गन्धका साथमा विभिन्न घटना र दृष्टान्तबाट ईख लिएर जीवनमा सफलतातर्फ अभिमुख भएका सन्दर्भहरू तथा कला र सिर्जनासम्बन्धी मान्यताका कुरासमेत यहाँ प्रतिबिम्बित भएर आएको पाइन्छ । यहाँ पाठकले डिल्लीराज अर्यालका जीवनको पृष्ठभूमिमा तत्कालीन समाजको वास्तविक अवस्थासँग परिचित हुने अवसर पाउँछ ।

### बाल जिज्ञासा र मनोविज्ञान

बाल जिज्ञासा र मनोविज्ञान यहाँ सबल बनेर आएको देखिन्छ । यस कृतिमा अर्यालको आफ्नै बाल्यकालका घटना, अनुभूति र सहभागिताका कुराहरू स्मृतिबिम्बका साथमा प्रस्तुत भएको पाइन्छ । बाल्यकालको एउटा सानो घटनाका कारण आफूले निर्घात रूपमा कुटाइ खाएको सन्दर्भबाट घरमूली, अभिभावक, बुहार्तन खपेका आमाहरू र विनाकारण पिटाइ खानुपर्ने अबोध बालकको अवस्थाका माध्यमबाट यस्ता कुरामा होस नपुऱ्याउँदा देखिन सक्ने परिणामलाई बालमनोवैज्ञानिक सुझका साथमा झल्काइएको छ । आमाहरूका पीडा पोख्न आफ्ना अबोध, निर्दोष र कमजोर शिशुहरूलाई सक्दो बल लगाएर पिटिरहेछन् चाहे त्यो पौडी खेले, पढेनन् भनेर होस्, चाहे काम गरेनन् भनेर होस् । चाहे फिरफिरे बनाएर घुमाउँदै, दगुर्दै गऱ्यो भनेर होस् चाहे गाईवस्तु अर्काको बारीमा पसाल्यो भनेर होस् (पृ. १३) । बालककालमा बिरामी भएका कारण पीडाले छटपटी हुँदा पनि आज्ञा पालना गरी नबोली बस्नुपर्ने कुराले सताइएका लेखक बालकहरूको मनोविज्ञान र रुचि बुझेर उनीहरूप्रति अनुकूल व्यवहार गर्नुपर्ने धारणासमेत राख्दछन् । तत्कालीन परिवेश, बुवैहरूको शासन र अनामानीको सन्तान हुनुले पीडाबोध गरेको र आफूलाई लाटो सोझोको रूपमा दरिएको पाइन्छ । चराका फुलहरू घरमा ल्याई कोरलेर बच्चा निकाल्ने, खाना खुवाउनेलगायत समाजमा भएका विश्वास, अन्धविश्वास र यथार्थको गहिराइमा पुगेर वास्तविकता बोध गर्न लालायित रहेका सन्दर्भहरू यहाँ अभिव्यक्त भएर आएका छन् । बालसुलभ उत्सुकता र जिज्ञासा पनि यहाँ सजीव रूपमा प्रतिबिम्बित भएको पाइन्छ । यस्ता घटना र सन्दर्भहरू कृतिभित्र मनग्ये रहेको देख्न सकिन्छ ।

### सामाजिक सांस्कृतिक मान्यताको प्रस्तुति

तत्कालीन सामाजिक सांस्कृतिक मान्यता विश्वासका भावहरू यस कृतिमा समेटिन पुगेका छन् । लेखकीय जीवनका परिवेशबाट सिङ्गो नेपाली समाज र सांस्कृतिक मान्यताको चित्र यहाँ खडा भएको पाइन्छ । समाजमा विद्यमान रहेका धामी, झाँक्री, झारफुकदेखि सनातन परम्परा र मूल्यमान्यताको उपसिथिति पनि यहाँ पाइन्छ । लेखकद्वारा उठान गरिएका हाम्रा परम्परागत चालचलन, व्यवहार, मान्यता र आस्थाप्रति

आलोचनात्मक दृष्टिकोण राखिएको पाइन्छ । त्यस्ता कुराहरूप्रति अन्धसमर्थन पनि गरिएको छैन भने सशक्त विरोध पनि गरिएको पाइँदैन । त्यस्ता कुराहरूको वैज्ञानिकतालाई हामीले अध्ययन अनुसन्धान गरी निष्कर्षमा पुग्न नसकेको कुरालाई लेखकले जोड दिएको पाइन्छ । हाम्रा प्रथा, परम्परा र सद्भावपूर्ण संस्कृतिको पाटोलाई पनि यहाँ प्रकाश पारिएको छ । "एउटा संस्कार र परम्परामा आधारित जाति अर्को संस्कार र परम्परामा आधारित जातिसँग मिलेर बस्न थालेपछि एकअर्काका परम्परा वा संस्कारका छाप धेरैथोरै पर्न जान थाल्छन् र नयाँ पनि बन्दै जान्छन्" (पृ. ३०) । सतही ज्ञानका आधारमा जान्नेसुन्ने बन्ने हामीहरू समाजमा परम्पराका रूपमा रहेका कुराहरूको गहिराइमा पुगेर जरा पत्ता लगाउन नसक्नुमा पछुतो मान्नुका साथै आफूमा रहेको कमजोरीसमेत यहाँ व्यक्त भएर आएको पाइन्छ । परम्परामा प्रचलित रहेका राम्रा कुराहरूको खोज र अनुसन्धान गरी संरक्षणतर्फ नलाग्नुले हामी कहाँ भएका औषधी, जडिबुटी, खानपान र जीवनशैली लोप हुँदै गएको तितो यथार्थलाई यहाँ झल्काइएको छ । युवा पुस्तामा आएको उदासीनतालाई हेर्दा समाजका अग्रज पुस्ताले चिन्ता गर्दैमा मात्र संस्कृति र मूल्यको जगेर्ना हुन नसक्ने विचार यहाँ अभिव्यक्त भएको छ । पूजा-आजा, उत्सव, अवसरका साथै जिउँती, फागु जस्ता हाम्रा सांस्कृतिक परम्परालाई हामीले खोजी नगरी पश्चिमाहरूकै दृष्टिकोणलाई आधिकारिक मानी अध्ययन गर्नुपर्ने अवस्थालाई प्रतीकात्मक रूपमा कटाक्ष गरिएको पाइन्छ । यहाँ संस्कृतिको पाटो र संरक्षणको चेतना सघन रूपमा मुखरित भएको पाइन्छ ।

प्रस्तुत कृतिको पठनका क्रममा संस्मरणकार अर्यालको जीवनसम्बन्धी दृष्टिकोण अध्यात्म र आस्थागत प्रवृत्तिलाई पनि अवलोकन गर्न सकिन्छ । यहाँ लेखक अन्धविश्वास र परम्परागत चिन्तनका अन्धसमर्थक देखिँदैनन् तापनि पूर्ण रूपमा भौतिकवादी पदार्थवादको प्रभाव पनि यिनमा देखिँदैन । लामा, धामी, लागो, दोख तथा अन्य सामाजिक विश्वास र तिनका पछाडिको परिणामले लेखकलाई बीचबीचमा तानेको देख्न सकिन्छ । यसैगरी वनौषधी र जडिबुटी तथा घरेलु उपचारले बिरामी निको भएका घटना र दृष्टान्तहरू पनि यहाँ प्रस्तुत भएको पाइन्छ । त्यस्ता परम्परागत पद्धति र आस्थाप्रति लेखकको आलोचनात्मक समर्थन भाव देख्न सकिन्छ । नियति र विश्वासका आधारमा संसार चलेको ठान्ने अदृश्य सञ्चालक वा त्यस्तो शक्तिको सत्ता रहेको कुरा अनुभूत गर्दछन् । केही त्यस्ता विधि, पद्धति र आस्थामा आफू संलग्न नभए तापनि तिनको व्यवहारमा देखिएको सकारात्मक परिणामले लेखकलाई समेत प्रभाव पारेको पाइन्छ । बाल्यकालको मानसिकता, अग्रजहरूको प्रभाव, सामाजिक सांस्कृतिक चेतना आदि कुराले आफूलाई पनि प्रभावित गरेको आत्मस्वीकृति यहाँ देखिन्छ । उमेर, चेतना, संसर्ग अनि समयक्रमले ल्याउने परिपक्वता र चिन्तनका झिल्काहरू पनि यहाँ प्रतिबिम्बित भएर आएको पाइन्छ ।

## पुस्तान्तरणले ल्याएको प्रभाव

'झलझली आँखामा' कृतिमा नेपाली समाजमा पुस्तान्तरणले पारेको प्रभावलाई झल्काइएको छ । डिल्लीराज अर्याल आफ्नो पूर्वजीवनका स्मृतिबिम्बका साथमा समय क्रममा समाजमा आएको परिवर्तन र पुस्तागत अन्तराललाई राम्ररी छाम्ने काम गरेका छन् । लेखकीय पुस्ता र अहिलेको पुस्ताका जीवन भोगाइ, चिन्तन र मान्यताको तस्बिर पनि यहाँ अङ्कित भएको पाइन्छ । स्वयं लेखकले बाल्यकालमा भोगेका अनुभव, घरायसी काम, पढाइ, सामाजिक पारिवारिक जिम्मेवारी चिन्तन आफ्नै प्रकृतिको रहेको छ । तत्कालीन समयको सामाजिक, पारिवारिक अवस्था, केटाकेटीप्रति अग्रजहरूले गर्ने व्यवहार र अहिलेका मान्यतामा फरक रहेको अवस्था यहाँ देख्न सकिन्छ । पुस्तागत आधारबाट हेर्दा नाति पुस्ताले भोगेको समाज, पाएका सुबिधा र साँघुरिँदै गएको चिन्तनलाई नियाल्दा यहाँ पुस्तान्तरणले पारेको प्रभावको प्रत्यक्ष अनुभव गर्न सकिन्छ । हिजोका शिक्षा-दीक्षा, बाबुआमाका भूमिका तथा परिस्थितिलाई अनुकूल तुल्याएर टाढाटाढा गई शिक्षा लिनुपर्ने, मेलोपातो अनि गाईगोठाला गरेर पढाइलाई अगाडि बढाउनुपर्ने कुराहरू अहिलेको पुस्तालाई एकादेशको कथा जस्तो लाग्ने अवस्थाका कारण पनि यस कृतिले पुराना पुस्ताले भोगेको अभाव, सङ्घर्ष र प्रतिकूलतालाई अनुकूल तुल्याउँदै जीवन बिताएका दृष्टान्त तथा झारफुक तथा वनस्पति र प्राकृतिक पद्धतिबाट उपचार गर्ने र तिनै विधि र

पद्धतिमा विश्वास गर्ने परिपाटीलाई मुखरित गरेको पाइन्छ । खेती किसानीलाई जीवनको सर्वस्व ठानेर पसिना बगाउने पहिलेका कार्यहरू अहिलेको अवस्थाबाट हेर्दा अनौठो र अपत्यारिलो लाग्ने कुराले पुस्तान्तरणको स्पष्ट सङ्केत यहाँ देख्न सकिन्छ । यसैगरी अहिलेका युवा वर्गमा आएको अकर्मण्यता र पलायनवादी चिन्तनको पाटोलाई पनि साङ्केतिक रूपमा प्रकाश पारिएको छ ।

## स्वावलम्बन र माटोप्रतिको ममता

यस कृतिमा स्वावलम्बीपन र माटोप्रतिको गहिरो प्रेम व्यक्त भएको पाइन्छ । कृतिलाई मिहिन रूपमा अध्ययन गर्दा हाम्रा चिन्तन, व्यवहार, उत्पादनको अवस्था, सिर्जनशीलता आदि कुराका पृष्ठभूमिमा दैनन्दिन रूपमा पराश्रित बन्दै गएको वर्तमान अवस्थाप्रति विमति र कटाक्ष प्रस्तुत गरिएको छ । हाम्रा परम्परामा प्रचलित रिठ्ठो, सिकारी लहरो, सिस्नो, चिप्लेकिरा, घ्यु, मेथीलगायतका वस्तुलाई उपचारमा प्रयोग गर्दा निको पनि हुने, पैसा पनि बाहिर नजाने, चिन्तन अनि व्यवहारमा आत्मनिर्भरता रहेको तात्कालिक यथार्थ अवस्थालाई यहाँ झल्काइएको पाइन्छ । कृषि र पशुपालनमा संलग्न भएकाले हिजोको हाम्रो अवस्था आत्मनिर्भर रहेको तर आज परावलम्बी बन्नु परेको अवस्थाको झलक यहाँ पाउन सकिन्छ । नेपालीपन र आत्मनिर्भरताका भावहरूलाई झल्काई एउटा सचेत नागरिकको भूमिका पनि यहाँ प्रतिबिम्बित भएको पाइन्छ ।

प्रस्तुत कृतिमा लेखकको जन्मस्थान मदनपोखराको सेरोफेरोका स्थान, परिवेश अनि व्यक्ति र तिनका प्रवृत्तिका झलकहरू प्रतिबिम्बित भएर आएको देख्न सकिन्छ । लेखकमा निहित जन्मभूमिप्रतिको गहिरो अनुराग यहाँ सघन रूपमा व्यक्त भएको पाइन्छ । 'जननीजन्मभूमिश्च स्वर्गादपिगरियसी'को मन्त्रलाई लेखकले आत्मसात गरेको पाइन्छ । माटोबाट पोसिने हाम्रो जीवन माटामै विलीन हुन पुग्ने विचारका साथमा दार्शनिक चिन्तनसमेत यहाँ व्यक्त भएको पाइन्छ । केही अग्रज व्यक्तित्वका श्रम, सीप र जाँगरका पृष्ठभूमिबाट देशमा उपयुक्त अवसर नपाई राष्ट्रबाट युवाहरू पलायन हुने अवस्था आएको सन्दर्भबाट माटोप्रतिको महिमाबोध प्रकट भएको पाइन्छ ।

> माटाबाट निर्माण भएको मेरो यो शरीरको अन्तिम परिणति पनि माटै हो, माटोबाटै शरीरलाई आवश्यक तत्त्वहरू पाइने हुनाले यसलाई जोगाउने प्रयास गर्नुपर्छ । माटो जोगिएन भने मैले टेक्ने ठाउँ जोगिँदैन, खेल्ने, खोस्रने र उब्जाउने ठाउँ रहन्न, यो माटोको शरीर जोगिने उपाय पनि रहन्न (पृ. ४२) ।

यसरी आफ्नो पृष्ठभूमि, जन्मस्थान, राष्ट्रिय अभिभारा र दायित्वको प्रस्तुति हुँदा लेखकभित्र निहित रहेको माटोप्रतिको आस्थाभाव अभिव्यक्त भएको पाइन्छ । निजात्मक चिन्तनका साथमा सबै अस्तित्वको आधार माटो रहेको दार्शनिक चेत पनि यहाँ प्रतिबिम्बित भएको पाइन्छ ।

## कृतज्ञता भाव

लेखक डिल्लीराज अर्यालका सिर्जनामा अग्रजप्रतिको आदर र कृतज्ञता भाव प्रकट भएर आएको देख्न सकिन्छ । प्रस्तुत कृति पढ्दै जाँदा लेखकले भोगेका तितामिठा अनुभूति र बिताएका क्षणहरूको अवलोकन गर्दा आम रूपमा आज्ञाकारिताको भावना र कर्तव्यप्रतिको जिम्मेवारीबोधको अवस्था देख्न सकिन्छ । चाहे शिव, भगिरथ गुरुहरूको पिटाइ खाँदा होस्, बाबा, आमा र हजुर आमाको आज्ञा पालनामा होस् वा भारतमा अध्ययनका क्रममा रहँदाका कार्यकलाप र परिस्थितिलाई हेर्दा होस् तत्कालीन परिवेशमा अग्रजप्रतिको सम्मान भाव र आज्ञाकारिता प्रस्तुत भएको पाइन्छ । यहाँ विविध पात्र र तिनका व्यवहार र प्रवृत्तिहरू जोडिएर आएको देखिन्छ । तिनीहरूका आचारण, स्वभाव र भूमिकाका आधारमा कृतज्ञता र कृतघ्नता दुवै भाव प्रकट भएको पाइन्छ । कुरा सामान्य भए पनि त्यसले जीवनमा पार्ने प्रभावलाई आँकलन गर्नुपर्ने विचार पनि यहाँ आएको छ । कुनै पात्र र घटना त्यतिखेर आफूलाई प्रतिकूल लागेको भए पनि यस कृतिका माध्यमबाट तिनीहरूप्रति आफू ऋणी र कृतज्ञ रहेको मर्म व्यक्त भएको पाइन्छ । चनमती गाई र तारे गोरूको प्रवृत्ति र महत्त्वलाई आफूले

बुझ्न नसकेकाले त्यतिखेर प्रतिशोधको भावना लिएको तर पछि आएर पश्चातापबोध हुनुले लेखकमा गहिरो संवेदना रहेको पाउन सकिन्छ । "त्यो निरपराध पशुको पिठिउँमा परेको चोटको त्यो अनुभव एकातिरको रिस अर्कोतिर पोखेर खुसी हुने मानवीय प्रवृत्ति बुझ्ेपछि बल्ल हुन थालेको छ । यसै घटनाले मलाई अरू त्यस्तै-त्यस्तै घटनाहरू सम्झाउँछन्" ( पृ. ५०) । धेरै प्रसङ्गहरूमा पछि आएर आत्मबोध भएको सन्दर्भबाट बाल्यकालका अपरिपक्व सोंचाइ र व्यवहारहरू समय क्रममा परिष्कृत बन्दै जाने मर्म पनि यहाँ उद्घाटन भएको पाइन्छ । लेखकको इमानदारिता र आफ्ना भूलप्रतिको प्रायश्चित भाव पनि यहाँ प्रस्तुत भएको देख्न सकिन्छ ।

## प्रकृति र वातावरणीय चेत

डिल्लीराज अर्यालको लेखनमा वातावरणीय चेतना पनि निहित रहेको देख्न सकिन्छ । यस कृतिको ठाउँठाउँमा प्रकृति र वातावरणमाथि मानिसले गरेको दोहन र त्यसले निम्त्याएको सङ्कटलाई उजागर गरिएको छ । हाम्रा पूर्वजहरूका आस्था र विश्वासमा रहेको प्रकृति प्रेम, प्रकृतिबाटै उपचार गरी निको गराउने तरिका, प्रकृतिको संरक्षणका साथमा राखिएको वातावरणीय सन्तुलन र संरक्षणप्रतिको चेतना पनि यहाँ मुखरित भएको पाइन्छ । हिजो पाप र धर्मका नाममा प्रकृति र वातावरणलाई स्वच्छ राख्न गरिएका प्रयासहरूलाई हामीले पछ्याउन नसकेको मर्मलाई यहाँ प्रकाश पारिएको छ । "के धारा, कुवाभन्दा मास्तिरका रूख बिरुवा काट्न, मास्न नदिने परम्परा आजका निम्ति पनि फलदायक छैनन् र ? ती भनाइहरू पानीको मुहान र जङ्गललाई जोगाउने नीतिमा आधारित थिए भन्ने दृष्टिले हेर्दा राम्रै देखिन्न र ?" (पृ. ११७) । कृषि प्रधान र पशुपालन संस्कृतिका पृष्ठभूमिमा अक्षुण्ण रहेको प्राकृतिक चेतना अनि मानवीय अस्तित्व र जीवनदायी तत्त्वका रूपमा प्रकृतिलाई चित्रण गरिएको छ । गाउँठाउँको जीवनशैली, पशुवस्तु आदिको प्राकृतिक व्यवहारको पाटो पनि यहाँ जोडिएर आएको पाइन्छ । मानिस र प्रकृतिबा बीचको अभिन्न सम्बन्ध अनि प्रकृतिको अस्तित्वबोधका साथमा जीवनबोधका भावहरू पनि यहाँ प्रकट भएको पाइन्छ । परम्परागत रूपमा हुँदै आएका प्रकृति पूजा अनि मूल संरक्षणका नाममा भएको प्रकृतिको संरक्षणलाई अहिले थाम्न नसकिएको यथार्थ मर्म यहाँ मुखरित भएको छ ।

## विकृति र विसङ्गतिप्रतिको कटाक्ष

अर्यालको लेखनको खास मर्म समाजमा रहेका विकृति र विसङ्गतिप्रतिको सघन विमति रहेको पाइन्छ । यस सङ्ग्रहमा समाजका विभिन्न पाटा र प्रवृत्तिलाई उठाई तीप्रतिको लेखकीय दृष्टिकोण र मान्यता पनि प्रस्तुत गरिएको पाइन्छ । बुवै, बुबा, आमा, विष्णु दाइ, विध्येश्वर पाठक, नेतृत्व वर्ग र स्वयंभित्र रहेका कमीकमजोरीलाई यथार्थपरक ढङ्गले उठाउने काम यहाँ गरिएको छ । व्यक्ति, समाज र नेतृत्व तहमा विकास भएका विसङ्गत पक्षलाई कटाक्षसहित प्रस्तुत गरी सुधारको सन्देशसमेत प्रवाहित गरिएको पाइन्छ । गुरुहका नाममा भित्रिएका कलङ्क, शिक्षक छनोटका पद्धति र प्रक्रिया, शब्दमा ठूलो परिवर्तन भए पनि चिन्तन अनि मानसिकतामा रहेको सङ्कुचन, व्यक्तिमा देखिएको दोहोरो चरित्र, खानपान र जीवनशैलीमा देखिएका आडम्बर आदि कुराहरूलाई यहाँ लक्षित गरिएको पाइन्छ । "हाम्रो विकासले सडेगलेका मिठाइका गुँदपाक बनाएर बेच्ने, खाने परम्परा बसाल्न जुसमा लेदो, पिठोमा धुलो, चामलमा ढुङ्गा मिसाएर बेच्न थालेको छ" (पृ. ७३) । हाम्रा विधि, व्यवहार अनि चिन्तनमा आएको शुष्कता, नेतृत्वमा रहेको अविवेकीपन, विद्वान्हरूमा रहेको छुद्रता जस्ता कुरालाई कटाक्षपूर्ण शैलीमा प्रस्तुत गरिएको पाइन्छ । सामान्यभन्दा सामान्य विषयलाई सूक्ष्म रूपमा केलाई सुषुप्त रूपमा हुर्किएका विकृतिपूर्ण ढोंग, आडम्बर र निकृष्ट व्यवहारलाई उजागर गराई त्यस्ता प्रवृत्तिलाई मर्ममा पुग्ने गरी झटारो हानिएको पाइन्छ । विकृतिप्रति झटारो हान्नुको तात्पर्य अर्यालको लेखनमा सुधार र निर्माणको स्वर पनि सल्बलाएको पाइन्छ ।

## मानवीय जिजीविषा र जीवनबोध

मानवीय जीवनका जिजीविषापूर्ण भाव अनि जीवनप्रतिको मोह पनि यहाँ प्रस्तुत भएको पाइन्छ । प्रस्तुत कृतिमा मानवीय इच्छा, अनुभूतिहरू पूर्वस्मृतिका झलकका साथमा जीवनको महिमा र अतित्वलाई प्रकाश पार्ने काम गरिएको छ । मानिसका जीवनेच्छा, भविष्यका योजना, ईख र सङ्कल्पका झलकहरू पनि यहाँ सल्बलाएर आएको देख्न सकिन्छ । लेखक स्वयं अनि यहाँ समेटिन आएका पात्रका मानसिकता र मान्यताबाट जीवन बाँच्ने इच्छाका साथै मानवीय जीवनको अस्तित्वचेत पनि मुखरित भएको पाइन्छ । "मान्छे समाज, परम्परा वा परिस्थिति के ले बदलिन्छ ? भन्ने कुरा खेलिरहेकै बेला म कसरी बदलिएँ ? मलाई बदल्ने समाज, परिस्थिति वा परम्परा के हो ? जान्न मन लाग्छ" (पृ. ४४) । समय चेतनाका साथै वातावरणले मानिसमा पार्ने प्रभाव पनि यहाँ मुखरित भएर आएको पाइन्छ । यहाँ बाल्यकालदेखि नै जिज्ञासु, चिन्तनशील र तथ्यका नजिक पुगेर वास्तविकताको साक्षात्कार गर्न लालायित लेखकीय प्रवृत्ति पनि प्रभावशाली रूपमा मुखरित भएर आएको पाइन्छ । कृति पढ्दै जाँदा लेखकका अन्तरकुन्तरमा निहित अहं अनि आफ्नो मतलाई स्थापित गर्न उद्यत अहंपूर्ण चेष्टाको अनुभूति पनि पाठकले गर्दछ । यस्तै अरूले जसरी लेओस् आफ्नो जीवनको बुझाइ र मान्यतालाई प्रकट गरी छाड्ने स्वभाव पनि अर्यालमा भेट्न सकिन्छ । लेखकीय जिजीविषा र जीवनेषणाका भावहरू यहाँ संपुटित भएको पाइन्छ ।

## अनुभूतिको सूक्ष्मता

डिल्लीराज अर्यालको लेखनमा अनुभूतिको सूक्ष्मता पाइन्छ । प्रस्तुत कृतिको अध्ययन गर्दै जाँदा संस्मरणकार अर्यालमा विगतका घटना, परिवेश र प्रवृत्तिलाई मसिनो गरी चित्रणवर्णन गर्नसक्ने कला देख्न सकिन्छ । ठाउँ अनि घटनाको चित्रण गर्दा होस् वा समय सन्दर्भको उल्लेख गर्दा, लेखकले स-साना घटना र परिस्थितिलाई पनि समेट्नुले यिनमा रहेको अनुभूति क्षमता र विषयलाई मिहिन रूपमा प्रकाश पार्ने क्षमता सशक्त देख्न सकिन्छ । जीवनमा देखेका घटना र आफ्नै निजी अनुभूतिका कुराहरूलाई मसिनो गरी टिपेर प्रस्तुत गर्ने शैलीका कारण अर्यालको अनुभूति पक्ष जीवन्त रहेको अनुभव हुन्छ ।

> म आँगनमा एक्लै सुतिरहेको छु, वरिपरि कसैलाई देख्दिन । मलाई त्यो एकान्तले चिथोर्न खोज्छ । म आत्तिन्छु, उठेर हिँड्न मन लाग्छ तर सक्दिन, त्यो निरीहतामा मन रुन्छ । बिरामी हुँदा पनि वरिपरि मान्छे नझुम्मिएको, कोही नभएको पाएर छट्पटी हुन्छ, आफू बिरामी भए जस्तो लाग्दैन, अनि चारैतिर मान्छे झुम्मिने गरी बिरामी हुन मन लाग्छ (पृ. २७) ।

चनमती गाईको पृष्ठभूमिमा स्थान, परिवेश र कार्यको सूक्ष्म स्मृति क्षमतालाई पनि बोध गर्न सकिन्छ । स-साना कुरालाई पनि सन्दर्भअनुकूल प्रस्तुत गर्नुले स्रष्टा अर्यालमा रहेको स्मरण सामर्थ्य र प्रस्तुति कलालाई प्रत्यक्ष रूपमा अनुभव गर्न सकिन्छ । यहाँ आफ्नो अतीतलाई सघन रूपमा छामेर स्मृतिका झलकहरूलाई शीर्षकीकरण गरी प्रस्तुत गरिएको पाइन्छ । यस क्रममा लेखकले बाल्यकाल तथा अध्ययन र शिक्षणका क्रममा भोगेका घटना, देखाएका व्यवहार, त्यस क्रममा आफूले गरेका कमजोरी, आफूलाई बिझेका कुरा अनि परिवेशलाई जीवन्त रूपमा प्रकाश पार्ने काम गरिएको छ ।

## स्थानीय परिवेशको झलक

यहाँ प्रस्तुत भएको महत्त्वपूर्ण पक्ष स्थानीय परिवेशको झलक पनि एक हो । यस कृतिको अध्ययनका क्रममा पाठकका मस्तिष्कमा स्थानीय भूगोल, प्रकृति, वातावरण, घर-गोठ, खेत, बारी, चरिचरन, स्कुल, बाटो, छात्रावास, गाउँघर, गाई, गोरू आदि कुराको बिम्ब पनि अङ्कित हुन पुग्छ । आफ्नो घर मदनपोखराको सेरोफेरो, मावली गाउँ कसेनी भारतको देवरिया र भिराको परिवेशका विविध झलकहरू यहाँ प्रतिबिम्बित भएर आएको पाइन्छ । यसैगरी पाल्पा क्षेत्रका शैक्षिक, सामाजिक, राजनीतिक, सांस्कृतिक पक्षहरू पनि मसिनो गरी

समेटिएर आएको पाइन्छ । घरपरिवेशका घाँसपात, डिगाबाच्छा, खेती किसानीबाट अगाडि बढेको पारिवारिक अवस्था र सङ्घर्षको झलक यहाँ मार्मिक रूपमा आएको पाइन्छ । स्कुलका वार्षिक उत्सव, सरस्वती पूजा, भजन-कीर्तन, सांस्कृतिक कार्यक्रम, नाटक मञ्चन, पिटाइ, माया तथा विभेदका सन्दर्भहरूले पनि स्थानीय प्रचलन, मान्यता, विश्वास, अन्धविश्वास, रीतिरिवाज जस्ता कुरालाई प्रतिबिम्बित गरेको पाइन्छ । गहिरो गरी हेर्दा स्रष्टा अर्यालले आफ्नो समयको वास्तविक चित्रलाई यहाँ उतारेको पाइन्छ । गाईवस्तु पाल्ने परम्परा अनि गोरू बलियो भएर सबैलाई जित्दा गोठालो जानेलाई हुने गौरवबोधको मनोवैज्ञानिक अवस्थालाई पनि यहाँ झल्काइएको छ । घरका हजुरआमाहरूको शासन र व्यवहारका पृष्ठभूमिबाट नेतृत्व र पारिवारिक संरचनाको अवस्थालाई पनि यहाँ सान्दर्भिक रूपमा उठाएको देखिन्छ । एउटा महत्त्वपूर्ण पाटो के देखिन्छ भने लेखकले घरपरिवेश र स्थानीय पृष्ठभूमिबाट समाज, राष्ट्र र विश्वस्तरीय परिघटना, प्रवृत्ति र सन्दर्भहरूलाई समेत छुन पुगेको देखिन्छ ।

> एउटा गाउँ, समुदाय वा देश होइन हर मुलुकका मान्छेहरूमा अविश्वास, ईर्ष्या र द्वेषले गर्व र लोभको जरा गाड्न पुगेको छ । त्यसैले त हतियार निरीक्षण टोली पनि पठाउने, शान्ति प्रस्ताव पनि लैजाने, युद्ध चर्काउने र विष्पोट र आतङ्कका घटनाहरू पनि घटाउने जस्ता व्यवहार हुने र देखिने गरेका छन् (पृ. ५७) ।

स्थानीय पृष्ठभूमिबाट विषयको उठान गरी व्यापक दृष्टिमा विचारलाई फैलाउन सक्नु अर्यालको लेखकीय विशेषता रहेको देखिन्छ । आफू माइलो सन्तान रहेको र समाजमा माइलालाई हेर्ने दृष्टिकोण र व्यवहारको पाटो पनि यहाँ सान्दिर्भिक रूपमा झल्किएर आएको देखिन्छ ।

## निष्कर्ष

डिल्लीराज अर्याल नेपाली साहित्यका क्षेत्रमा विविध विधामा कलम चलाउने क्षमता भएका स्थापित प्रतिभा हुन् । लगभग डेढ दर्जन कृति प्रकाशन गरिसकेका अर्यालको प्रस्तुत कृति २०६८ सालमा जय प्रकाशनद्वारा प्रकाशित भएको हो । यसमा लेखकले अतीतमा भोगेका घटना, अनुभूति र त्यसैका पृष्ठभूमिमा उठेका कला, जीवनदर्शन र आत्मबोध सम्बन्धमा केन्द्रित गरिएका जम्मा छब्बीसवटा लेख निबन्धहरू समेटिएका छन् । यी छब्बीसवटा लेखहरू पृथक्पृथक् भए पनि अर्यालको अनुभूतिसूत्रको रसानले जोड्ने काम गरेको अनुभव पाठकले गर्दछ । यी रचनाहरूमा अर्यालले आफ्नो जीवनको बाल्यकाल, किशोरावस्था तथा वयस्क अवस्थासम्मका अनुभूति र घटनाहरूलाई सम्प्रेषण गर्ने काम गरेका छन् । यहाँ संस्मरणकारको जन्मस्थान मदनपोखरा र त्यसैको सेरोफेरोका घटना, परिवेश, पात्र तथा प्रवृत्तिहरू मुखरित भएर आएको देख्न सकिन्छ । भारतको देवरिया र भिराको छोटो बसाइका क्रममा भोगेका धेरै अनुभव र त्यहाँका व्यक्ति, प्रवृत्ति र अविस्मरणीय घटनाहरू पनि यहाँ प्रतिबिम्बित भएको देखिन्छ । यस्तै शिक्षण कार्यमा बौघागुम्हामा रहँदाका घटना र अनुभूति पनि यहाँ जीवन्त रूपमा आएको पाइन्छ । साङ्केतिक रूपमा जेलजीवन र शिक्षक आन्दोलनका सन्दर्भहरू पनि कृतिमा समेटिएको पाइन्छ । यसरी हेर्दा प्रस्तुत कृति साहित्यकार अर्यालकै जीवनको दस्तावेजका रूपमा रहेको मान्न सकिन्छ । यहाँ लेखकीय जीवनका विविध आयामहरू समेटिएर आएको पाइन्छ ।

अर्यालले आफ्नो अतीत जीवनलाई प्रतिबिम्बित गराउने क्रममा जीवनका निजी अनुभूति र घटना मात्र नल्याई समकालीन युग, सामाजिक सांस्कृतिक मान्यता, मनोविज्ञान शैक्षिक, साहित्यिक तथा राजनीतिक सन्दर्भ र समस्याहरूलाई पनि सान्दर्भिक रूपमा उठाएको देख्न सकिन्छ । कृतिभित्र पसेर हेर्दा कृतिले पाल्पा क्षेत्रका सामाजिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक पक्ष र चेतनाको अवस्थालाई पनि प्रतिबिम्बित गराएको देख्न सकिन्छ । यहाँ केही मानवीय र मानवेतर पात्रहरूलाई आदर्श ठानेर तिनीहरूप्रति कृतज्ञता भाव प्रकट गरिएको छ । बाल्यकालमा आफ्नो बुझाइ र चेतनाको घेरा साँघुरो भएको र सबै कुरालाई आफ्नो अनुकूल हुनुपर्छ भन्ने

स्वभाव र जिद्दीले गर्दा आफूबाट गल्ती हुन पुगेको कुरालाई सकारी तीप्रतिको आफ्नो धारणा बदलिएको र आत्मबोध भएको कुरासमेत यहाँ प्रकट गरिएको पाइन्छ । लेखकको हिजोको समाजका विधि, व्यवहार, चिन्तन, बुहार्तन तथा कृषि कर्मका पृष्ठभूमिमा चक्कर काटेको सामाजिक आर्थिक तथा सांस्कृतिक पक्षलाई प्रतिबिम्बित गराइएको छ । प्रस्तुत कृतिको पठनसँगै समय क्रममा उठेका शैक्षिक सामाजिक चेतना र लेखकका जीवनमा आएको विकास र समृद्धिलाई पनि साक्षात्कार गर्न सकिन्छ । आजका पुस्ताहरूका लागि पनि समाजको विकासको अवस्था बुझ्न र हाम्रा सामाजिक सांस्कृतिक तथा जीवनका विविध आयामलाई छाम्नका लागि प्रस्तुत कृति महत्त्वपूर्ण पाठ्यसामग्रीका रूपमा रहेको छ ।

संस्मरण लेखनको शैली सरल र प्रस्तुति आकर्षक हुनुपर्छ भन्ने मान्यतालाई यस कृतिका लेखकले आत्मसात गरेको देखिन्छ । आफ्ना अतीतकेन्द्री अनुभूति र व्यवहारमा आधारित घटना र विचारलाई संस्मरणको कलेवर प्रदान गर्दा सरल, सहज र बगेको भाषाशैलीमा प्रस्तुत गर्नु सान्दर्भिक मानिन्छ । संस्मरणकार डिल्लीराज अर्याल यस कुराप्रति सचेत रहेको देखिन्छ । निजी चिन्तनलाई पृष्ठभूमिमा राखी पूर्वघटना र सन्दर्भहरूलाई उठाएर रहस्यमय खुल्दुलीलाई निवारण गर्दै अगाडि बढ्ने शैलीका कारण यिनको लेखनमा सरलता, सहजता र कौतुहलता पाइन्छ । यस्तै आफ्नो बौद्धिकता प्रदर्शन गर्नु नभई पाठकलाई आफूप्रति आकर्षित गराई सँगसँगै हिँडाउन सक्ने क्षमता अर्यालमा रहेको पाइन्छ । घटना र प्रसङ्गहरूलाई ढाकछोप नगरी जस्ताको तस्तै प्रस्तुत गर्ने प्रवृत्तिले गर्दा यिनमा संस्मरणकारमा हुने इमान्दारिता, जवाफदेहिता र दायित्वबोधको स्थिति देखिन्छ । आफूले बाल्यकालमा गरेका गल्ती, पूर्वाग्रहपूर्ण सोच र दृष्टिकोणलाई समीक्षात्मक रूपमा प्रस्तुत गरी आलोचनासमेत गर्नुले पनि उक्त कुराको पुष्टि हुन्छ । जिज्ञासापूर्ण प्रश्नात्मक वाक्य अनि तार्किक शैली र वस्तुविश्लेषणको कलाले लेखकमा खोजपूर्ण अनुसन्धानात्मक व्यक्तित्वको छाप पनि पाउन सकिन्छ । स्वाभाविक भाषाशैलीमा विचारलाई सम्प्रेषण गर्नु, संस्कृतका सूक्ति र श्लोकहरूको उपयोग गरी विषयलाई पुष्टि गर्नु, उखान-टुक्काहरूको सान्दर्भिक प्रयोगले अभिव्यक्तिलाई जीवन्त र रोचक तुल्याउनु, व्यवहारमा खारिएको भाषाशैली र स्पष्ट अभिव्यक्तिले प्रस्तुत कृतिलाई रोचक र पठनीय बनाएको पाइन्छ ।

यी समग्र साक्ष्यका आधारमा यस कृतिमा लेखक डिल्लीराज अर्यालको जीवनीका विविध झलक र झाँकीहरू यहाँ प्रतिबिम्बित भएको पाइन्छ । अतीत जीवनको सर्वेक्षण गरी आफ्नो मान्यतालाई प्रस्तुत गर्नुले पनि यहाँ जीवनीपरकताको छाप स्पष्ट रूपमा देख्न सकिन्छ । स्रष्टा अर्यालकै जीवनका पृष्ठभूमिमा संस्मण डुलेकाले यहाँ जीवनीपरक साहित्यिक सन्दर्भ बलियो गरी उपस्थित भएको पाइन्छ ।

## सन्दर्भसूची


अधिकारी, इन्द्रविलास (२०६१). *पश्चिमी साहित्य सिद्धान्त.* ललितपुर : साझा प्रकाशन ।

अर्याल, डिल्लीराज (२०६८). *झलझली आँखामा.* काठमाडौँ : नय प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५०). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १ (चौथो संस्क.).* काठमाडौँ : साझा प्रकाशन ।

पराजुली, मोतीलाल (२०५३). *नेपाली रचनाकला.* पोखरा : लेखक स्वयम् ।

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* चितवन : विमर्श नेपाल ।

शर्मा, तारानाथ (२०६३). *नेपाली साहित्यको ऐतिहासिक परिचय (तेस्रो संस्क.).* ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६७). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त (तेस्रो संस्क.).* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०४३). *स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि.* काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६८) *नेपाली समालोचना परम्परा र प्रवृत्ति (दोस्रो संस्क.).* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।